# मिति २०७५ पौष १७ गते बसेको कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## मिति : २०७५ पौष १७ गते को कार्यपालिका बैठकको निर्णय :

**प्रस्ताव नं. १ :- चौथो (हिउदे)नगर सभा बैठकको मिति तय सम्बन्धमा ।**

**निर्णय नं १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-४ को दफा १९ (१) मा व्यवस्था भए बमोजिम सभाको बैठक सामान्यतया वर्षको २ पटक वस्ने प्रावधान रहे बमोजिम आ.व. ०७५/०७६ का लागि स्वीकृत बजेट तथा कार्यक्रम संशोधन तथा ऐन नियमहरु स्वीकृतिका लागि आवश्यक तयारी गरी यस नगरपालिकाको चौथो नगर सभा बैठक माघ २१ गते बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २:- कर्मचारी समायोजन सम्बन्धमा ।**

**निर्णय नं २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७५/०७६, च.नं. २५, मिति २०७५/०८/२४ गतेको समायोजन पत्र दिने सम्बन्धमा प्राप्त पत्र बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्न कर्मचारी समायोजन अध्यादेश २०७५ जारी भई उक्त अध्यादेशको दफा ६ को उपदफा (४) मा साविकको स्थानीय निकायबाट स्थायी नियुक्ती पाई स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाइ समायोजन भएको पत्र दिई १० दिन भित्र सो को जानकारी मन्त्रालयलाई दिनु पर्नेछ भन्ने उल्लेख भएकोमा, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८५ (३) बमोजिम साविकको स्थानीय निकायबाट स्थायी नियुक्ती पाई कार्यरत कर्मचारीहरु स्वत समायोजन भई सकेको भनी उल्लेख भएको र मिति २०७५/०८/२३ गते जारी भएको कर्मचारी समायोजन अध्यादेश,२०७५ मा साविकका स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको सेवा, शर्त र बृत्ति विकासका विषयमा सम्बोधन नभएको र नेपाल सरकारबाट जारी कर्मचारी समायोजन सम्बन्धी अध्यादेश, २०७५ मा सवै सरकारी सेवाका कर्मचारीहरुलाई बृत्ति विकासको अवसर सहित समायोजन हुने व्यवस्था गरिएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/०९/१३ गते वेभ साईडमा प्रकासित संघ, प्रदेश र स्थानीय तहको दरबन्दि तेरिजमा यस नगरपालिकामा कार्यरत (साविक स्थानीय निकाय) स्थायी कर्मचारीहरुको दरबन्दी समेत नरहेको तथा मिति २०७५/०९/१५को च.नं.२१५ मा प्रेषित संगठन संरचना र दरबन्दि तेरिज सम्बन्धी पत्रमा साविक देखि नै स्थायी रहेका कर्मचारीहरु समेत समायोजन हुन छुट भएको र यस टीकापुर नगरपालिकाकामा कार्यरत (साविक स्थानीय निकाय) स्थायी कर्मचारीहरुबाट सेवा, शर्त र बृत्ति विकासका विषयमा सम्बोधन नभएकोले एकै सार्वजनिक निकायमा कार्य गर्ने कर्मचारीहरु बीच असमानता हुने र कार्य गर्न मनोवल कमजोर रहने हुदाँ सरकारी सेवा सरहकै ग्रेड बृद्धि र तह बृद्धि सहित समायोजन गरी पाउँ भनि संयुक्त निवेदन पेश गरेकामा साविकमा यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण सृजना गर्न र न्यायोचित हिसावले समान कामका लागि सरकारी कर्मचारीहरु सरह हुने गरी समान सुविधा र पदको अवधारणा कायम गर्न/गराउन तपसिल बमोजिमका साविक स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको तह बृद्धि तथा ग्रेड थप गर्ने व्यवस्थाका साथै यस नगरपालिकामा हालसम्म अस्थायी/करारमा कार्यरत कर्मचारीहरुको नियमानुसार आवश्यक व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

नगर प्रमुख

# मिति २०७५ पौष १७ गते बसेको कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
टीकापुर,
सुदूरपश्चिम प्रदेश,

तपसिल :

टीकापुर नगरपालिका कार्यालयमा कार्यरत (साबिकको टीकापुर नगरपालिका कार्यालय) कर्मचारीहरुको विवरण

| सि. नं. | कर्मचारीको नाम | हाल कार्यरत पद | | | | | समायोजन हुने तह | समायोजन हुदा कायम हुने ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पद | स्थायी नियुक्ति मिति | बढुवा मिति | तह/स्तर | कार्यरत शाखा | | | |
| १ | श्री रन्जु आचार्य | शाखा अधिकृत | २०६४.०४.०१ | - | अधिकृत स्तर छैठौ | प्रशासन, योजना तथा अनुगमन शाखा | अधिकृत स्तर सातौ | - | |
| २ | श्री नव राज जोशी | सिभिल इन्जिनीयर | २०६४.०४.०१ | २०७३.०४.०७ | अधिकृत स्तर छैठौ | सडक तथा अन्य पूर्वाधार विकास उपशाखा | अधिकृत स्तर छैठौ | २ ग्रेड थप | |
| ३ | श्री नबिन ओझा | आर्किटेक्ट इन्जिनीयर | २०७३.०४.१२ | - | अधिकृत स्तर छैठौ | भवन तथा बस्ती विकास उपशाखा | अधिकृत स्तर छैठौ | २ ग्रेड थप | |
| ४ | श्री देवी प्रसाद आचार्य | नायब सुब्बा | २०६४.०५.०१ | २०७१.०७.१५ | सहायक स्तर पाँचौ | बाताबरण तथा सरसफाई उपशाखा | सहायक स्तर पाँचौ | २ ग्रेड थप | |
| ५ | श्री निर्मला चौधरी | नायब सुब्बा | २०६४.०५.०१ | २०७१.०७.१५ | सहायक स्तर पाँचौ | राजस्व उपशाखा र प्रमुखको निजि सचिवालय | सहायक स्तर पाँचौ | २ ग्रेड थप | |
| ६ | श्री नन्द बहादुर के.सी. | नायब सुब्बा | २०६४.०५.०१ | २०७३.०१.०३ | सहायक स्तर पाँचौ | आर्थिक प्रशासन शाखा | सहायक स्तर पाँचौ | २ ग्रेड थप | |
| ७ | श्री दिला कुमारी जोशी (रेग्मी) | नायब सुब्बा | २०७१.०६.२९ | - | सहायक स्तर पाँचौ | सार्वजनिक खरिद तथा सम्पति ब्यबस्थापन उपशाखा | सहायक स्तर पाँचौ | २ ग्रेड थप | |
| ८ | श्री झपी राज ओझा | नायब सुब्बा | २०७१.०६.२९ | - | सहायक स्तर पाँचौ | उपप्रमुखको निजि सचिवालय | सहायक स्तर पाँचौ | २ ग्रेड थप | |
| ९ | श्री अर्जुन कुँवर | खरिदार | २०६४.०५.०१ | - | सहायक स्तर चौथो | पार्क ब्यबस्थापन उपशाखा | सहायक स्तर पाँचौ | - | |
| १० | श्री चेत बहादुर बोहरा | खरिदार | २०६४.०४.०१ | - | सहायक स्तर चौथो | सामाजिक सुरक्षा तथा पंजीकरण उपशाखा | सहायक स्तर पाँचौ | - | |
| ११ | श्री तारा बिक्रम राना | खरिदार | २०६४.०५.०१ | - | सहायक स्तर चौथो | राजस्व उपशाखा | सहायक स्तर पाँचौ | - | |
| १२ | श्री जगत बहादुर चौधरी | खरिदार | २०६४.०४.०१ | - | सहायक स्तर चौथो | राजस्व उपशाखा | सहायक स्तर पाँचौ | - | |
| १३ | श्री देव नारायण थारु | खरिदार | २०६४.०४.०१ | - | सहायक स्तर चौथो | प्रशासन उपशाखा | सहायक स्तर पाँचौ | - | |
| १४ | श्री कमला पोखेरल | खरिदार | २०६४.०४.०१ | - | सहायक स्तर चौथो | सहकारी संस्था परिचालन, समन्वय तथा नियमन इकाई | सहायक स्तर पाँचौ | - | |
| १५ | श्री गम्भीर सिंह साउद | अ.स.इन्जिनीयर | २०६४.०५.०१ | - | सहायक स्तर चौथो | सडक तथा अन्य पूर्वाधार विकास उपशाखा | सहायक स्तर पाँचौ प्रा | - | |
| १६ | श्री धर्मेन्द्र चौधरी | अ.स.इन्जिनीयर | २०६४.०४.०१ | - | सहायक स्तर चौथो | भवन तथा बस्ती विकास उपशाखा | सहायक स्तर पाँचौ | - | |
| १७ | श्री मिन बहादुर थापा | अ.स.इन्जिनीयर | २०६४.०६.०१ | - | सहायक स्तर चौथो | भवन तथा बस्ती विकास उपशाखा | सहायक स्तर पाँचौ | - | |
| १८ | श्री खगेन्द्र साउद | अ.स.इन्जिनीयर | २०६४.०६.०१ | - | सहायक स्तर चौथो | सडक तथा अन्य पूर्वाधार विकास उपशाखा | सहायक स्तर पाँचौ | - | |
| १९ | श्री कैलाशपति पन्त | अमिन | २०६४.०५.०१ | - | सहायक स्तर चौथो | भवन तथा बस्ती विकास उपशाखा | सहायक स्तर पाँचौ | - | |

नगर प्रमुख

# मिति २०७५ पौष १७ गते  बसेको कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | श्री मोहन सिंह साउद | खरिदार | २०६४.०४.०१ | २०६७.०४.०१ | सहायक स्तर चौथो | राजस्व उपशाखा | सहायक स्तर पाँचौ | - | |
| २१ | श्री चक्र बहादुर रावल | खरिदार | २०६४.०४.०१ | २०६७.०४.०१ | सहायक स्तर चौथो | १ न. वडा कार्यालय | सहायक स्तर पाँचौ | - | |
| २२ | श्री डम्बर बहादुर खड्का | खरिदार | २०६४.०४.०१ | २०६७.०४.०१ | सहायक स्तर चौथो | २ न. वडा कार्यालय | सहायक स्तर पाँचौ | - | |
| २३ | श्री जग बहादुर कार्की | खरिदार | २०६४.०४.०१ | २०६७.०४.०१ | सहायक स्तर चौथो | ५ न. वडा कार्यालय | सहायक स्तर पाँचौ | - | |
| २४ | श्री मटराम चौधरी | खरिदार | २०६४.०५.०१ | - | सहायक स्तर चौथो | ७ न. वडा कार्यालय | सहायक स्तर पाँचौ | - | |
| २५ | श्री अमृता रावल | स.कम्प्युटर अपरेटर | २०७३.०४.१२ | - | सहायक स्तर चौथो | सूचना तथा संचार उपशाखा | सहायक स्तर चौथो | २ ग्रेड थप | |
| २६ | श्री लोक बहादुर बुढा | भे.जे.टि.ए. | २०६५.०७.०१ | - | सहायक स्तर चौथो | ९ न. वडा कार्यालय | सहायक स्तर पाँचौ | - | |
| २७ | श्री लोक बहादुर थापा | मुखिया | २०६४.०४.०१ | - | सहायक स्तर चौथो | १ न. वडा कार्यालय | सहायक स्तर चौथो | - | |
| २८ | श्री भिखु थारु | मुखिया | २०६४.०४.०१ | - | सहायक स्तर चौथो | ३ न. वडा कार्यालय | सहायक स्तर चौथो | - | |
| २९ | श्री दामोदर थारु | मुखिया | २०६४.०४.०१ | - | सहायक स्तर चौथो | ४ न. वडा कार्यालय | सहायक स्तर चौथो | - | |
| ३० | श्री लक्ष्मी नारायण श्रेष्ठ | मुखिया | २०६४.०६.०१ | - | सहायक स्तर चौथो | ८ न. वडा कार्यालय | सहायक स्तर चौथो | - | |
| ३१ | श्री उत्तम बहादुर बुढाथोकी | भा.स.चा. | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | दमकल (विपद ब्यबस्थापन उपशाखा) | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ३२ | श्री नरजङ्ग शाही | ह.स.चा. | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | दमकल (विपद ब्यबस्थापन उपशाखा) | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ३३ | श्री उदय सिंह साउद | फायरमेन | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | दमकल (विपद ब्यबस्थापन उपशाखा) | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ३४ | श्री जोरा सिंह कार्की | फायरमेन | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | दमकल (विपद ब्यबस्थापन उपशाखा) | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ३५ | श्री चन्द्र सिंह सुनार | फायरमेन | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | दमकल (विपद ब्यबस्थापन उपशाखा) | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ३६ | श्री सुरेश शाह | ह.स.चा. | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | दमकल (विपद ब्यबस्थापन उपशाखा) | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ३७ | श्री कर्ण रावत | चौकीदार | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | प्रशासन उपशाखा | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ३८ | श्री कृष्ण थारु | का.स. | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | प्रशासन उपशाखा | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ३९ | श्री पार्वती घिमिरे | का.स. | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | प्रशासन उपशाखा | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ४० | श्री होमराज उपाध्याय | का.स. | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | प्रशासन उपशाखा | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ४१ | श्री मगत चौधरी | का.स. | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | प्रशासन उपशाखा | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ४२ | श्री अमर बहादुर साउद | का.स. | २०६४.०६.०१ | - | श्रेणीविहिन प्रथम | प्रशासन उपशाखा | श्रेणीविहिन द्वितीय | - | |

नगर प्रमुख

# मिति २०७५ पौष १७ गते बसेको कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | श्री ठग्गु डगौरा थारु | का.स. | २०६४.०६.०१ | - | श्रेणीविहिन प्रथम | प्रशासन उपशाखा | श्रेणीविहिन द्वितीय | - | |
| ४४ | श्री राम प्रसाद थारु | सरसफाईकर्मी | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | बाताबरण तथा सरसफाई उपशाखा | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ४५ | श्री सन्तराम चौधरी | सरसफाईकर्मी | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | बाताबरण तथा सरसफाई उपशाखा | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ४६ | श्री खुशी राम थारु | सरसफाईकर्मी | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | बाताबरण तथा सरसफाई उपशाखा | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |
| ४७ | श्री पृथ्वी थारु | सरसफाईकर्मी | २०६४.०४.०१ | २०७१.१०.०१ | श्रेणीविहिन द्वितीय | बाताबरण तथा सरसफाई उपशाखा | श्रेणीविहिन द्वितीय | २ ग्रेड थप | |

**प्रस्ताव नं. ३ :- नेपाली सेनाको ब्यारेक स्थापनार्थ जग्गा सम्बन्धमा ।**

**निर्णय नं.३ :-** प्रस्ताव नं. ३ उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, धनगढी कैलालीको प.सं२०७४/७५, च.नं.८९०६, मिति २०७५/०३/०३ को पत्रको सम्बन्धमा आ.व. ०७५/०७६ का लागि सम्पन्न नगरसभाको नि.न४ तथा कार्यपालिका बैठकको मिति २०७५ मिति २०७५ आश्विन ३ गते को बैठकको निर्णयानुसार नेपाली सेनाको ब्यारेक स्थापनाको लागि टीकापुर नगरपालिकाको संरक्षणमा रहेको टीकापुर नगरपालिका वडा नं. ५ स्थित भगरैया वनको सम्भाव्य स्थानमा बढीमा १० विगाहा क्षेत्रफल उपलब्ध गराउने निर्णय गरिएकोमा नेपाली सेना, भवानीदल गण , तेघरी ब्यारेक, कैलालीको प.सं. ६००८।प्रा१०।०७५।०७६ , मिति २०७५/०९/०३ को पत्रबाट जग्गा छुट्याई उक्त जग्गाको लालपुर्जा नेपाली सेनाको नाममा उपलब्ध गराई दिनुहुन भनि अनुरोध भई आएकोमा उक्त जग्गाको भोगचलन सहित नेपाली सेनाको ब्यारेक स्थापना गर्नका लागि उपलब्ध गराउने र चारकिल्ला छुट्याउनका लागि नगरपालिकाका नगरप्रमुखज्यूको संयोजकत्वमा उपप्रमुख, संबन्धित वडाको वडा अध्यक्ष, नेपाली सेना, भवानीदल गण, तेघरीका प्रतिनिधी र टीकापुर नगरपालिकाका भवन तथा वस्ति विकास उपशाखाका प्रमुख, नगरपालिकाको अमिन तथा आवश्यकता अनुसार नापी कार्यालयका प्रतिनिधी सहितको टोली र सरोकारवला ब्यक्तिहरु समेतको स्थलगत अवलोकन, छलफल र सहमतिबाट चारकिल्ला सिमाना छुट्याउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :- मेयर कप, उपमेयर कप तथा राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता संचालन सम्बन्धमा ।**

**निर्णय नं. ४ :-** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिकामा खेलकुद क्षेत्रको निरन्तर विकासका लागि शहीद सप्ताह तथा नगरपालिका स्थापना दिवशको अवसर पारी मेयर कपलाई निरन्तरता दिने तथा प्रथम उपमेयर कपको हकमा अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारी विद्यालय स्तरीय छात्राको सहभागीता रहने गरी खेलकुद संचालन गर्ने तथा राष्ट्रपति कप समेत संचालन गर्ने सम्बन्धमा मिति २०७५/०८/०२ को कार्यपालिका बैठकबाट निर्णय भएकोमा प्रथम उपमेयर कप अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजना गर्दा उक्त समयमा विद्यालयहरुमा परीक्षा संचालन हुने मिति

नगर प्रमुख

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नजिक रहने देखिएकोले र सहभागीहुने विद्यार्थीहरुको सहभागीता हुन नसक्ने देखिएकोले यस वर्षका लागि मेयर कप र उपमेयर कप एकै मितिमा आयोजना गर्ने र यस आ.व. ०७५/०७६ मा खेलकुद क्षेत्र शिर्षक अन्तरगत विनियोजित बजेटबाट मेयर कप,उपमेयर कप र राष्ट्रपति कप खेलकुद संचालन गर्ने र खेलकुद संचालनका लागि उक्त शिर्षकमा अपुग हुनजाने बजेट आगामी नगर सभाबाट विनियोजन/संशोधनका लागि पेश गर्ने निर्णय गरियो

**प्रस्ताव नं. ५ :-शहरी स्वास्थ्य केन्द्र संचालन तथा दरबन्दी सम्बन्धमा ।**

**निर्णय नं ५:-** प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिकाको तेश्रो नगरसभाको स्वास्थ्य सम्बन्धी नीतिमा सबै नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुंचमा ल्याउन क्रमश: बाकी रहेका २ वटा वडामा पूर्ण दरबन्दी सहित शहरी स्वास्थ्य केन्द्रहरु स्थापना गरिने नीति रहेको साथै वडा नं. ४ अस्नेहरीका अ.हे.व. श्री रश्मी रावलले लोक सेवा आयोगमा नाम निकाली जानु भएकोले सो स्वास्थ्य केन्द्रमा अ.हे.व. पदको दरबन्दि रिक्त रहन गएकोले पदपूर्तिको ब्यवस्था गरीदिनुहुन स्वास्थ्य तथा सामाजिक विकास शाखाबाट निवेदन पेश भएको हुँदा स्वास्थ्य संस्था नपुगेका २ वटा वडाहरुमा वडा नं. ५ र ७ मा यथाशिघ्र शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने र जनशक्तिको हकमा मिति २०७५/०६/२६ को यस टीकापुर नगरपालिकामा विभिन्न प्राविधिक पदमा सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी प्रकासित सूचना अनुसार अ.हे.व. पदमा निर्धारित पद १ मा सो रिक्त रहेको पद समेत थप गरी पद २ कायम गर्ने। नयाँ स्थापना हुने शहरी स्वास्थ्य केन्द्रमा अ.हे.व., अ.न.मी तथा भारी र हुलका सवारी चालकको पदपूर्तिका लागि कार्यालयमा रहने भारी तथा हलुका सवारी साधनको संख्याको अनुपातमा सवारी चालक पदपूर्ति समेत सोही सूचनानुसार आवेदन दिएका आवेदकहरु मध्येबाटै प्रतिक्षासूची /बैकल्पिक उम्मेदवार मध्येबाट पदपूर्ति गर्ने यवस्था मिलाउन कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम तर्फ प्राविधिक जनशक्ति ब्यवस्थापन सम्बन्धमा**

निर्णय नं. ६ :- यस टीकापुर नगरपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको साझेदारीमा जलवायु समानुकुलित विकास योजनाहरु कार्यान्वयन भई रहेको सन्दर्भमा उक्त कार्यक्रमहरुको प्राविधिक सहजीकरण तथा सुपरीवेक्षणका लागि प्राविधिक जनशक्तिको ब्यवस्थापन यस नगरपालिकाकै प्राविधिक जनशक्तिबाट गर्नुपर्नेमा यस नगरपालिकाको अत्यधिक कार्यचापका कारण उपलब्ध जनशक्तिबाट कार्य सम्पादन गर्न कठिनाई परिरहेको हुदाँ यस नगरपालिकामा प्राविधिक जनशक्ति ब्यवस्थापनका लागि अ.स.ई पदमा ४ जना जनशक्ति सेवा करारमा लिन मिति २०७५/०६/२६ गते विज्ञापन भई सकेको, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम टीकापुर शाखा मार्फत मिति २०७५/०८/२५ गते जलवायु समानुकुलित योजनाहरु कार्यान्वयनको सन्दर्भमा प्राविधिक सहजिकरण तथा

नगर प्रमुख

सुपरिवेक्षणका लागि १ जना सव ईन्जिनियरको ब्यवस्थापन गरिदिन अनुरोध भई आएकोले सोही सूचनानुसार आवेदन दिएका आवेदकहरु मध्येवाटै उक्त कार्यक्रमका लागि १ जना अ.स.ईन्जिनियर पदपूर्ति ब्यवस्था मिलाउन कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

*सवै प्रस्तावहरुमा छलफल र निर्णय गर्न समयाभावको कारण अर्को बैठक मिति २०७५ पौष २१ गते बस्ने गरी बैठक स्थगित गरियो ।*

टीकापुर
टीकापुर
सुदूरपश्चिम

प्रमुख